# एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

स्वीकृत मिति : २०७६/०५/२६

**१. प्रस्तावना** : राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार गुणस्तरीय शिक्षाको लागि सार्वजनिक शिक्षाको सवलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उद्यमशिलता विकास गरी शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरणबाट समृद्ध नेपाल र सुखी नेपाली अभियानमा टेवा पुऱ्याउन एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले परिषद्को कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** रहेकोछ ।

(२) यो कार्यविधि, कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

३. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "एक शैक्षिक संस्था उद्यम कार्यक्रम" भन्नाले प्रदेश सरकारद्वारा सामुदायिक माध्यमिक बिद्यालयहरुमा उद्यम प्रबर्द्धन मार्फत सामाजिक रुपान्तरणका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

(ख) परिषद् भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्दछ ।

(ग) कार्यकारी समिति भन्नाले राष्ट्रिय युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार अन्तर्गत रहेको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ङ.) "शैक्षिक संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्था सम्झनु पर्दछ ।

(घ) "बिद्यार्थी उद्यमी क्लब" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

(ङ) "उद्यम कोष" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

(च) "उद्यम कोष सञ्चालक समिति" भन्नाले उद्यम कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ।

(छ) "संरक्षक समिति" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

(ज) "साझेदार संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(झ) "पूर्व विद्यार्थी मञ्च" भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

(ञ) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको ब्यक्ति सम्झनुपर्दछ ।

(ट) "विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले" विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

**४. उद्देश्यः-**

(क) शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

(ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा बिकास गर्ने ।

(ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरी शैक्षिक रुपान्तरण गर्ने ।

(घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

**५. लक्षित शैक्षिक संस्था** : (१) सम्बन्धित प्रदेशमा अवस्थित सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शैक्षिक संस्था हुनेछन्।

(२) प्राविधिक धार लागू भएका शैक्षिक संस्थालाई विशेष प्राथमिकता दिईने छ ।

**६. उद्यम क्षेत्र** : शैक्षिक संस्थाले उद्यम गर्न सकिने ब्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन्।

(क) कृषि तथा पशुपञ्छिमा आधारित उद्यम ब्यवसाय,

(ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम ब्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम ब्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम ब्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम ब्यवसाय,

(च) कलामा आधारित उद्यम ब्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम ब्यवसाय,

(ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम ब्यवसाय ।

**७ विद्यार्थी उद्यमी क्लबः** एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ । जसको काम, कर्तब्य अधिकार देहाए बमोजिम हुनेछ ।

(१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्ने ।

(२) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य,समन्वय, साझेदारी गर्ने ।

(३) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

(४) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने ।

(५) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

(६) कम्तिमा महिनाको १ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने।

(७) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशिलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

**८.उद्यम कोषको सञ्चालन :**

(क) उद्यम कोष सञ्चालक समिति देहायनुसार रहनेछः

| | |
|---|---|
| विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | अध्यक्ष |
| उद्यमी विद्यार्थी क्लबका अध्यक्ष | सदस्य |
| विद्यालयको लेखा हेर्ने शिक्षक/कर्मचारी | सदस्य सचिव |

(ख) उद्यम कोष सञ्चालक समितिको काम कर्तव्य अधिकार

- उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।
- उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने ।
- उद्यम कोषको विस्तार, संरक्षण, संवर्धन गर्ने ।
- उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।
- अन्य आवश्यक कामहरु गर्ने गराउने ।

(ग) उद्यम कोषमा देहाय अनुसारका रकम जम्मा गर्नुपर्नेछः

- शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम
- प्रदेश सरकारबाट प्राप्त अनुदान
- उद्यमबाट प्राप्त आम्दानी
- पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम
- सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम
- अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम

(घ) उद्यमकोषबाट देहायनुसार खर्च गर्न सकिनेछः

- उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ ।
- उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यत्रमममा खर्च गर्न सकिनेछ ।

**(९) संरक्षक समितिको गठनः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यत्रमको संरक्षकका रुपमा देहायनुसार एक संरक्षक समिति रहनेछः

| | |
|---|---|
| सम्बन्धित स्थानीय तहका प्रमुख | संयोजक |
| विद्यालय रहेको वडाको वडाध्यक्ष | सदस्य |
| विद्यालयको प्रध्यानाध्यापक | सदस्य |

(२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने
- एक शैक्षिक सस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने।

- विद्यार्थी उद्यमी क्लवलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने
- एक शैक्षिक सस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

**१०. शैक्षिक संस्था छनौटका न्युनतम आधारहरुः** (१) दफा ४ मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा कार्य गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएकोछ ।

(क) शैक्षिक उपलब्धि, पूर्वाधार, आर्थिक अवस्था, जनशक्तिको अवस्था र वातावरणीय पूर्वाधार पुरा गरेको

(ख) विद्यालयले पेश गरेको ब्यवसायिक परियोजना प्रस्ताव

(ग) उद्यम सञ्चालनका लागि विद्यालय ब्यवस्थापन समिति तथा सम्बन्धित पालिकाको प्रतिबद्धतापत्र

(घ) उद्यम कोष स्थापना भएको

(२) शैक्षिक संस्था मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंक (बढीमा) |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव | ४० |
| २ | उद्यम कोष स्थापना भएको | १५ |
| ३ | उद्यमी विद्यार्थी क्लवको गठन | १५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन भएको | १० |
| ५ | सम्बन्धित पालिकाको प्रतिबद्धता | २० |
| | जम्माः | १०० |

**११.सूचना प्रकाशनः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि सामाजिक विकास मन्त्रालयले इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ । निवेदनको ढाँचा र ब्यवसायिक योजनाको ढाचा मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि सम्बन्धित प्रदेश भित्रका ईच्छुक शैक्षिक संस्थाहरुले आवश्यक कागजात संलग्न राखी निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र मन्त्रालयले तोकेको ढाँचा तथा स्थानमा निवेदन दिनुपर्नेछ ।

(३) शैक्षिक संस्था छनौट समितिः सामाजिक विकास मन्त्रालयमा प्राप्त भएका निवेदन र ब्यवसायिक कार्ययोजना मूल्याङ्कन गरी छनोट गर्न प्रत्येक प्रदेशमा देहायको शैक्षिक संस्था छनोट समिति रहनेछ ।

(क) सामाजिक विकास मन्त्रालयको युवा तथा खेलकुद महाशाखाको प्रमुख -अध्यक्ष

(ख) प्रदेशको शिक्षा विकास निर्देशनालय प्रमुख वा प्रतिनिधी -सदस्य

(ग) सामाजिक विकास मन्त्रालयको युवा तथा खेलकुद शाखाको शाखा अधिकृत -सदस्य सचिव

(४) शैक्षिक संस्था छनौट समितिले सीप विकास केन्द्र, CTEVT, घरेलु लगायतका प्रमुख तथा प्रतिनिधि बढीमा २ जनालाई विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(५) शैक्षिक संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) शैक्षिक संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर आवश्यक छानविन गरी बढीमा ७ दिन भित्र आफनो राय सहित उत्कृष्ट एक वटा प्रस्ताव सिफारिस गरी मन्त्रालय पठाउनुपर्नेछ । तोकिएको म्याँद भित्र प्रस्ताव छनौट गरी पठाउन समय नपुग भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई म्याँद थप गर्न सकिनेछ ।

१२. **उद्यम सम्झौताः** (१) शैक्षिक संस्था छनौट समितिबाट छनौट भएका शैक्षिक संस्था र मन्त्रालयबीच मन्त्रालयले तोकेको ढाँचामा द्विपक्षीय सम्झौता गरिने छ ।

(२) सम्झौताको तीन प्रति हुनेछ । एक प्रति सम्वन्धित शैक्षिक संस्थालाई, एक प्रति सम्बन्धित पालिकामा, एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. **प्रतिवेदनः** (१) शैक्षिक संस्थाले मन्त्रालयसँग एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तह तथा मन्त्रालयमा पेश गर्नु पर्नेछ । त्यसपछि मन्त्रालयले तोके वमोजिमको ढाँचामा चौमासिक रुपमा वित्तीय र भौतिक प्रगति सम्बन्धित स्थानीय तह तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. **लेखा परीक्षणः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोवारको लेखा परीक्षण शैक्षिक संस्थाले सूचिकृत गरेका दर्तावाल लेखा परीक्षक मध्येबाट गराउनु पर्नेछ । यसरी लेखा परीक्षण गराउँदा कार्यक्रम तर्फको नतिजा शृङ्खला (प्रतिफल, उपलब्धी, प्रभाव) का सूचकहरुका आधारमा प्रगति (गुणात्मक, परिमाणात्मक) विश्लेषण अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखा परीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्वन्धित शैक्षिक संस्थाको हुनेछ ।

(४) शैक्षिक संस्थाले लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहको कार्यालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ।

१५. **अनुगमन तथा मूल्याङ्कनः** (१) स्थानीय तहमा सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गरिनेछ। यसको अभिलेख विद्यार्थी उद्यमी क्लवले राख्नुपर्नेछ ।

(२) प्रदेश स्तरबाट प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

(३) केन्द्रस्तरवाट परिषद् तथा मन्त्रालय आदि सरोकारवाला निकायवाट अनुगमन निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

**१६. पुरस्कार** ः प्रदेश स्तरबाट प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शैक्षिक संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(क) अधिकतम रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन योगदान पुऱ्याएको,

(घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर कायम भएको,

(ङ) उद्यम मार्फत् शैक्षिक रुपान्तरण, नवप्रवर्धन तथा उद्यमशिलता विकास गरेको,

(च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(छ) शैक्षिक संस्थाको आयमा भएको बृद्धिको अवस्था,

(ज) कार्ययोजना अनुसार कार्य सम्पादन गरेको आदि ।

**१७. दण्ड सजायः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई मन्त्रालयवाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

(२) शैक्षिक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा मन्त्रालयबाट दिइएको वजेट हिनामिना गरेमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

**१८. विविधः** यस कार्यविधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तब्य हुनेछ । एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम छनौटको लागि दिइने निवेदनको ढाँचा, ब्यबसायिक योजनाको ढाचा तथा सम्झौताको ढाचा प्रदेश सरकार , सामाजिक मन्त्रालयले तोके बमोजिम हुनेछ ।

**१९. निर्देशनको पालनाः** सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

**२०. निर्देशिका संसोधन गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार यो निर्देशिका संसोधन गर्न सक्नेछ ।

**२१. वाधा अड्काउ फुकाउने** ः यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।